बकैया गाउँकार्यपालिकाको मिति २०७८।०१।०८ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन परिणाम सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिको संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि मिति २०७८।०१।०५ गतेदेखि आज मिति २०७८।०१।०८ गतेसम्म आयोजित कार्यशाला गोष्ठीको क्रममा प्राप्त प्राप्ताङ्कको सम्बन्धमा छलफल गरि जम्मा प्राप्त प्राप्ताङ्क ४९।५% लाई अनुमोदन सहित सार्वजानिक गर्ने निर्णय गरियो । साथै उक्त प्राप्ताङ्कलाई जिल्ला समन्वय समिति मकवानपुर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जानकारी गराउने निर्णय गरियो ।

२. प्रतिबद्धता सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा संस्थागत क्षमता स्वमूल्याङ्कनवाट हाल प्राप्त प्राप्ताङ्कलाई कायम गर्दै सुधार गर्नुपर्ने विभिन्न सूचकहरुलाई सुधार गर्दै आगामी दिनमा स्वमूल्याङ्कन परिणाम वृद्धि गर्ने प्रतिवद्धता सहित निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner